## भगवान शाक्यमुनि बुद्धको पवित्र जन्मस्थल

# लुम्बिनी नेपाल



# विश्व सम्पदा स्थल

LUMBINI DEVELOPMENT TRUST-1985
NEPAL
लुम्बिनी विकास कोष - २०४२

*"After I am no more, O Ananda!*
*Men of belief will visit the place with faith,*
*Curiosity and devotion……*
*Lumbini, the place where I was born.*
*The path to ultimate peace is spiritual discipline"*

-The Sakyamuni Buddha

PATRIMONIO MUNDIAL • WORLD HERITAGE • PATRIMOINE MONDIAL

## भूमिका



भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनी, यहाँको गृहराज्य कपिलवस्तुका महत्वपूर्ण स्थलहरू तथा मावली देवदह र रामग्रामका सम्बन्धमा संक्षिप्त जानकारी प्रदान गर्न लुम्बिनी विकास कोषबाट प्रकाशित यो सानो पुस्तिका अध्ययन गर्न लाग्नु भएकोमा यहाँप्रति कोष आभार व्यक्त गर्दछ । यो संक्षिप्त पुस्तिकाबाट विश्वकै अत्यन्त महत्वपूर्ण स्थलहरूको बारेमा विस्तृत जानकारी लिन सम्भव नभए पनि पाठकले शाक्यमुनि बुद्धको जीवनसँग सम्बन्धित प्रमुख स्थलहरूको बारेमा जानकारी भने अवश्य लिन सक्नुहुनेछ भन्नेमा कोष आशावादी रहेको छ । थप जानकारी लिन उत्सुक पाठकहरूले कोषको सूचना शाखामा सम्पर्क राख्न वा सम्बन्धित विषयवस्तुका बारेमा प्रकाशित विभिन्न सामग्रीहरूको अध्ययन गर्न सक्नुहुनेछ ।

## लुम्बिनीको परिचय

लुम्बिनी भगवान गौतम बुद्धको पवित्र जन्मस्थल हो । ई.पू. ६२३ मा यहाँको सुन्दर र पवित्र बगैंचामा माता मायादेवीका कोखबाट बुद्ध धर्मका प्रणेता, शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्म भएको थियो । उनले जन्मने बित्तिकै सात पाइला हिंड्दै मनुष्य जातिका लागि यसै ठाउँबाट युगान्तकारी उद्गार प्रकट गरेका थिए । यो पावनभूमी अहिले संसारभरिका बौद्धमार्गी तथा शान्तिप्रेमी सबै मानिसहरू बीच विश्व शान्तिको मुहानका रुपमा प्रसिद्ध छ । सन् १९९७ देखि यो स्थत विश्व सम्पदा सूचीमा समेत सूचिकृत गरिएको छ । हरेक वर्ष संसारभरबाट लाखौंको संख्यामा तीर्थालु, पर्यटक तथा अध्येताहरू लुम्बिनीको भ्रमण गर्छन् ।

## धार्मिक महत्व तथा ऐतिहासिक पृष्ठभूमि

विश्वभरका बौद्ध धर्मावलम्बीहरूका लागि लुम्बिनी अत्यन्त महत्वपूर्ण तीर्थस्थल हो । मायादेवी र भगवान बुद्धप्रति अगाध आस्था राख्ने भएकाले हिन्दुहरू समेतको लागि लुम्बिनी महत्वपूर्ण धार्मिक गन्तव्य बनेको छ । लुम्बिनीमा रहेका पुरातात्विक तथा ऐतिहासिक साक्षहरूले शताब्दिऔंदेखि विभिन्न व्यक्तित्वहरूले लुम्बिनीको तीर्थाटन गरेका तथ्यहरू उजागर गर्दछन् । प्रसिद्ध मौर्य सम्राट अशोकले आफ्ना आध्यात्मिक गुरु उपगुप्तको मार्ग दर्शनमा इ.पु. २४९ मा लुम्बिनीको तीर्थ यात्रा गरेका थिए । उनले “हिद बुधे जाते शाक्यमुनीति” (यहाँ शाक्येमुनि बुद्ध जन्मनु भएको थियो) भन्ने शिलालेख सहितको ढुङ्गाको स्तम्भ खडा गरे जसलाई हाल प्रसिद्ध अशोक स्तम्भका रुपमा लुम्बिनीमा पाउन सकिन्छ । सम्राट अशोकले सिद्धार्थ गौतम जन्मनुभएको सही अवस्थिति चिनाउने स्मारकशिलाको पूजा गरी जन्मे पछि वहाँलाई शुद्धिकरणका लागि नुहाईएको पवित्र पोखरी पुष्करिणीको दर्शन गरे । साथै उनले कपिलवस्तु, रामग्राम, देवदह जस्ता ऐतिहासिक ठाउँहरूको भ्रमण समेत गरे ।

प्राप्त ऐतिहासिक तथ्यहरूका आधारमा सम्राट अशोकपछि लुम्बिनीको भ्रमण गर्ने चिनियाँ यात्रीहरूमा त्सेङ साई, फाहियान र हुयेन साङ्ग थिए । त्सेङ साईले चौथो शताब्दीमा, फाहियानले पाचौँ शताब्दीमा र हुयेन साङ्गले सातौं शताब्दीमा लुम्बिनीको भ्रमण गरेका थिए । यी मध्ये हुयेन साङ्गको यात्रा विवरणले लुम्बिनीको बारेमा विस्तृत रुपमा व्याख्या गरेको छ । उनले लुम्बिनीमा जन्मबृक्षको ठूटो, एउटा चैत्य, अशोक स्तम्भ, पवित्र पोखरी, तेलार नदी, चीसो र तातो पानीका श्रोतहरू भएको कुवा देखेको उल्लेख गरेका छन् । सन् १३१२ मा पश्चिम नेपाल कर्णाली क्षेत्रका राजा रिपु मल्लले लुम्बिनीको भ्रमण गरी आफ्नो यात्राको स्मरण गराउन अशोक स्तम्भमा “ॐ मणि पद्मे हुम रिपु

मल्ल चिरं जयतु" भनी लेखे। त्यसपछि भने इतिहासको लामो कालसम्म लुम्बिनी ओझेलमा रहन पुग्यो।

पछि सन् १८९६ मा पाल्पाली गभर्नर जनरल खड्ग शम्शेर र अंग्रेज भारतका पुरातात्विक सर्भेयर एलोइस फुहररले अशोक स्तम्भ पुनः पत्ता लगाएपछि लुम्बिनी फेरि चासो र सरोकारको विषय बन्यो। सन् १८९९ मा पि.सि. मुखर्जीले भगवान बुद्धको जन्मस्थलमा उत्खनन् गरी मायादेवीको मूर्ति पहिचान गर्नुका साथै मन्दिरका केही भग्नावशेषहरू बाहिर देखाए। फेरि सन् १९३० को दशकमा केशर शम्शेर राणाले मायादेवी मन्दिर परिसरमा उत्खनन गरे। भारतीय पुरातत्वविद् श्रीमती देवला मित्रले सन् १९६२ मा अन्वेषणको कार्य गरिन्।

सन् १९६० को दशकदेखि भने संयुक्त राष्ट्र संघका साथै विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरूको समेत सहयोग र सहकार्यमा नेपाल सरकारले विशेष महत्वका साथ विभिन्न निकायहरू निमार्ण गरी लुम्बिनीको उत्खनन्, संरक्षण र सम्वर्द्धनमा नेतृत्वदायी भूमिका खेल्दै आएको छ। सन् १९७० मा भवन तथा भौतिक योजना विभाग अन्तर्गत लुम्बिनी विकास परियोजना र सन् १९७५ मा लुम्बिनी विकास समितिको गठन गरी लुम्बिनीको जिम्मेवारी दिइएको थियो। १९८५ देखि स्वायत्त निकायका रुपमा लुम्बिनी विकास कोषको गठन भए पश्चात् लुम्बिनी क्षेत्रको उत्खनन्, संरक्षण र प्रवर्द्धनको काम कोषले नै गर्दै आएको छ। सन् १९९२ देखि १९९६ सम्म कोष, नेपाल सरकार पुरातत्व विभाग र जापान बौद्ध महासंघले संयुक्त रुपमा मायादेवी मन्दिर परिसरमा उत्खनन् कार्य गरेका थिए। हाल लुम्बिनी विश्वभरका लाखौं मानिसहरूको धार्मिक, आध्यात्मिक तथा पर्यटकीय गन्तव्य रुपमा स्थापित भइसकेको र सुन्दर, शान्त वाटिकाका रुपमा विकसित हुँदै गइरहेको छ।




## मायादेवी मन्दिर



यस पवित्र स्थलमा रहेका सम्पूर्ण धरोहरहरूमध्ये मायोदेवी मन्दिर प्रमुख आकर्षणको केन्द्रविन्दु हो। विभिन्न शताब्दीमा निर्मित मन्दिरका विभिन्न तहहरूले यसको महत्व तथा प्राचीनता माथि प्रकाश पार्दछन्। भगवान बुद्धको जन्मदृश्य सहितको प्राचीन मायादेवी मूर्ति यस मन्दिरभित्र अवस्थित छ। मन्दिरभित्रका भग्नावशेषहरू ई.पू. पाँचौं शताब्दीदेखि सातौं शताब्दीसम्मका छन्।

## जन्मस्मारक शिला



जन्मस्मारक शिला एक गहिरो कोठामा रहेको छ, जसले भगवान बुद्धको जन्म विन्दुलाई स्पष्ट देखाउँछ । मायादेवी मन्दिर परिसरको सघन उत्खनन् पश्चात् यो शिला सन् १९९६ मा पत्ता लागेको हो ।

## मायादेवी मूर्ति



मायादेवीको मूर्तिलाई जन्म मूर्ति पनि भनिन्छ। चौथो शताब्दीमा निर्मित यस मूर्तिले बुद्ध भगवानका जन्म दृश्यलाई देखाएको छ । मायादेवीले सहाराको लागि दाहिने हातले रुखको हाँगा समात्नु भएको छ । देब्रेपट्टि छेउमा उहाँकी बहिनी प्रजापती उभिनुभएको छ भने दुई देवगणहरू भगवानको स्वागतका लागि तयारी अवस्थामा देखिन्छन् र नवजात बुद्धको मूर्ति बीचमा देखिन्छ ।

## अशोक स्तम्भ




ई.पू.२४९ मा सम्राट अशोकले स्थापना गरेको यस अशोक स्तम्भमा कुँदिएका शिलालेखले भगवान गौतम बुद्धको जन्म लुम्बिनीमा भएको तथ्यको ऐतिहासिक प्रमाण दिन्छ । भगवान बुद्धको जन्मस्थल र लुम्बिनीको सम्बन्धमा यो स्तम्भमा भएको शिलालेख नै सबैभन्दा महत्वपूर्ण, आधिकारिक तथा ऐतिहासिक अभिलेख हो ।

## पवित्र पोखरी (पुष्करिणी)



अशोकस्तम्भको दक्षिणमा पवित्र पुष्करिणी अवस्थित छ । मायादेवीले बुद्ध भगवानलाई जन्म दिनुभन्दा अगाडि यहाँ नुहाउनु भएको थियो साथै भगवानलाई पनि यहाँ प्रथम स्नान गराई शुद्ध बनाइएको थियो भन्ने विश्वास रहेको छ ।

## लुम्बिनी विकासको लागि गुरूयोजना




## लुम्बिनी गुरूयोजना

प्रा. केन्जो टांगेद्वारा तयार पारिएको लुम्बिनी गुरुयोजना नेपाल सरकार तथा संयुक्त राष्ट्र संघबाट सन् १९७८ मा पारित भयो। त्यस अगाडी नै नेपाल सरकारले लुम्बिनीको विकासका लागि लुम्बिनी

विकास समितिको गठन गरिसकेको थियो । उक्त समितिले स्थानीय वासिन्दाहरूको जग्गा अधिग्रहण गरी विकासका पूर्वाधारहरूको निर्माण र वृक्षारोपण जस्ता कार्यहरू गऱ्यो । अहिले पनि लुम्बिनी विकास कोष उक्त गुरुयोजना अनुरुप संरचनाहरू निर्माण गर्न क्रियाशील रहेको छ ।

गुरुयोजना क्षेत्रले ३ वर्गमाइल क्षेत्रफल ओगटेको छ। यस क्षेत्रलाई प्रत्येक १ वर्ग माइलका ३ क्षेत्रहरूमा विभाजित गरी पैदल बाटो र केन्द्रीय नहरले जोडिएको छ। ती ३ क्षेत्रहरू :

(क) पवित्र उद्यान (ख) विहार क्षेत्र (ग) नयाँ लुम्बिनी ग्राम हुन् ।

प्रा. केन्जो टांगेको डिजाइनको प्रमुख आकर्षण नै दक्षिणी भागमा अवस्थित पवित्र उद्यान हो । यस क्षेत्रको डिजाइको प्रमुख उद्देश्य आध्यत्मिकता, शान्ति, विश्व भ्रातृत्व र अहिंसा झल्कने वातावरणको सृजना गर्नुका साथै संसारका लागि भगवान बुद्धको सन्देश प्रतिबिम्बित गर्नु हो । पवित्र उद्यानमा पुरातात्विक तथा ऐतिहासिक धरोहरहरू अवस्थित छन् । बगैंचा र सुन्दर पोखरीहरूले यस क्षेत्रलाई अत्यन्त मनमोहक बनाएका छन् । विहार क्षेत्रलाई केन्द्रिय नहरले दूई भागमा विभाजित गरेको छ । पूर्वी विहार क्षेत्रमा १३ वटा प्लटहरू थेरवादीहरूका लागि र पश्चिम विहार क्षेत्रमा २९ वटा प्लटहरू महायानी बौद्धमार्गीहरूका लागि छुट्याइएको छ ।

सांस्कृतिक केन्द्रमा अनुसन्धान केन्द्र तथा पुस्तकालय, सूचनाकेन्द्र र संग्रहालय अवस्थित छन् जसबाट बौद्ध धर्मसम्बन्धी अध्ययन तथा अनुसन्धानकर्ताहरूलाई सुविधा पुग्दछ। गुरुयोजना क्षेत्रको उत्तरी भाग नयाँ लुम्बिनी ग्रामको रुपमा विकास भइरहेको छ। यात्रु तथा पर्यटकहरूले यस स्थानमा आरामदायी होटल, लज, रेष्टुरेण्ट तथा अन्य सुविधाहरू प्राप्त गर्नेछन् । लुम्बिनीलाई बाहिरी संसारसँग जोड्ने यस क्षेत्रमा दुर्लभ पंक्षी सारस आरक्ष केन्द्र पनि स्थापना गरिएको छ । जापानको धार्मिक संगठन निप्पोन्जन म्योहोजीद्वारा स्थापित विश्व शान्ति स्तुप यसै क्षेत्रमा अवस्थित छ। साथै लुम्बिनी विकास कोषको प्रधान कार्यालय तथा कर्मचारीहरूको निवासस्थान समेत यस क्षेत्रमा पर्दछ ।

## कपिलवस्तु क्षेत्र



**तिलौराकोट**: सिद्धार्थ गौतमले आफ्नो जीवनकालको २९ वर्ष बिताएको स्थान तिलौराकोट (प्राचीन कपिलवस्तु) शाक्य राज्यको राजधानी थियो। यो स्थल लुम्बिनीदेखि २८ कि.मि. पश्चिममा पर्दछ। ई.पू. नवौं शताब्दीदेखि सन् दोस्रो शताब्दीसम्मका पुरातात्विक भग्नावशेषहरूका साथै प्राचीन दरबारको पूर्वी तथा पश्चिमी द्वार यहाँ देख्न सकिन्छ ।



**कुदान**: प्राचीन निग्रोधाराम जहाँ भगवान बुद्धले ज्ञान प्राप्त गरी गृहनगर कपिलवस्तु आउँदा प्रथम पटक पिता शुद्धोधनलाई भेटेका थिए । यो स्थान लुम्बिनीदेखि २८ कि.मि. दक्षिण-पश्मिममा पर्दछ ।



**गोटीहवा**: यो ठाउँ ऋकुछन्द बुद्धको जन्मस्थान हो, जहाँ उनले निर्वाण पनि प्राप्त गरेका थिए । हाल यो स्थानमा पनि अशोक स्तम्भ रहेको छ ।



**सग्रहवा**: हजारौं शाक्यहरूको नरसंहार गरिएको यो स्थानमा हाल केही भग्नावशेषहरू र एक पोखरी रहेको छ ।

**निग्लीहवा:** यो ठाउँ कनकमुनि बुद्धको जन्मस्थान हो । हाल यस स्थानमा अशोक स्तम्भ र निग्लीसागर पोखरी रहेको छ ।



**अरौराकोट:** निग्लीहवाबाट १ कि.मि. पूर्वमा अवस्थित आयताकारको संरक्षित स्थलनै अरौराकोट हो । यस पवित्र स्थललाई कनकमुनि बुद्धको गृहनगरको रुपमा पहिचान गरिएको छ ।



**सिसहनिया:** यो स्थल तिलौराकोटदेखि १२ कि.मि. दक्षिणमा अवस्थित छ । यो स्थलमा शाक्यहरूद्वारा निर्मित प्राचिन स्तुपहरूका भग्नावशेषहरू यत्र-तत्र देख्न सकिन्छ । यस स्थलको सतहबाट प्राचिन ईट्टा, मृतिका भाँडाहरू र शाक्यकालिन आहात मुद्राहरू संकलन गरिएको थियो ।

उल्लेखित सबै महत्वपूर्ण स्थलहरू कपिलवस्तु जिल्ला सदरमुकामको आसपासमा रहेका छन् ।

**देवदह:** लुम्बिनीदेखि ५७ कि.मि. पूर्वमा प्राचीन कोलिय वंशको राजधानी देवदह अवस्थित छ । यो स्थल भगवान बुद्धको माताहरू मायादेवी तथा प्रजापती र राजकुमारी यशोधराको माइतीका रुपमा चिनिन्छ । बुद्धत्व प्राप्तिको ७ वर्षपछि भगवान बुद्ध यहाँ आएका थिए । देवदह वरिपरि अन्य पुरातात्विक स्थलहरू कुमारवर्ती, खयरडाँडा, वैरिमाई, कन्यामाई, भवानीपुर (देवीदमार), माथागढी आदि रहेका छन् । देवदह रुपन्देही जिल्लामा पर्दछ ।

**रामग्राम:** झराही खोलाको किनारामा अवस्थित रामग्राम स्तुप ईटाद्वारा निर्माण भएको छ । सात मिटर अग्लो स्तुपमा भगवान बुद्धको अस्तु (अस्ठधातु मध्ये एक) रहेको छ । यो स्तुप रामग्रामका राजाले बनाउन लगाएका हुन् । उनी भगवान बुद्धका अस्तु पाउने आठौं राजा थिए । बौद्धग्रन्थ अनुसार सम्राट अशोकले अन्यत्रबाट झैं उक्त स्तुपबाट पनि अस्तु झिकी चौरासी हजार स्तुप बनाउन चाहन्थे तर त्यसो गर्न दिइएन । यो पवित्र स्थान नवलपरासी जिल्लाको सदरमुकाम परासी बजारदेखि ४ कि.मि. दक्षिणपूर्वमा पर्दछ ।



## अन्य आकर्षण

चरा अवलोकन, स्थानीय चाडपर्वहरू, ग्रामीण पदयात्रा साथै नेपाली तथा विदेशी कला संस्कृति झल्काउने विभिन्न विहार तथा चैत्यहरू लुम्बिनीको महत्वपूर्ण आकर्षण हुन् ।

## लुम्बिनीका ध्यान केन्द्र



धम्म जननी ध्यानकेन्द्र



पण्डितारामा ध्यानकेन्द्र

# लुम्बिनीका बौद्ध विहारहरू



द ग्रेट लोटस स्तुपा, जर्मनी



राजकीय थाई विहार (थाइलेण्ड)



यूनाइटेड टुंगग्राम विहार, नेपाल



महाबोधी समाज विहार, कलकत्ता



अष्ट्रियन विहार



म्यानमार गोल्डेन स्तुपा तथा विहार (म्यानमार)



चिनियाँ विहार



अन्तर्राष्ट्रिय भिक्षुणी विहार, नेपाल



ड्रुबक्युड छोलिङ विहार, नेपाल



श्रीलंका विहार



लुम्बिनी संग्रहालय



लुम्बिनी अन्तर्राष्ट्रिय अनुसन्धान संस्था

## प्राकृतिक तथा जैविक विविधता





लुम्बिनी शान्तिका अग्रदूत भगवान गौतम बुद्धको जन्मस्थल भएकोले अद्वितीय आध्यात्मिक तीर्थस्थल त हुँदै हो तथापि यसको महत्व त्यति मै सीमित हुँदैन । यसको जैविक विविधता र मनोरम प्राकृतिक दृश्यले प्रकृतिविद्, वनस्पतिविद्, जीवशास्त्रीहरूलाई पनि मोहनी लगाउँछ । यहाँ धेरै प्रकारका फूलहरू, रुखहरू तथा आयुर्वेदिक महत्वका वनस्पतिहरू पाइन्छ । लुम्बिनीमा करिव २५० प्रजातिका चराहरू छन्, जसमध्ये सारस लगायतका कतिपय दुर्लभ प्रजाति पनि पर्दछन् । लुम्बिनीमा अजिंगर, नीलगाई जस्ता दुर्लभ जन्तुहरू पनि पाइन्छन् ।

## लुम्बिनीको विकासमा सहयोगको अपिल

कोषको स्थापनाकालदेखि नै नेपाल सरकार, व्यक्तिगत तथा संस्थागत दाताहरूको सहयोग लुम्बिनी विकासको मूल आधार (स्रोत) रहेको हुँदा तपशील बमोजिमको सहयोगका लागि कोष सम्पूर्ण महानुभावहरूसँग हार्दिक अपिल गर्दछ ।

- नगद तथा जिन्सी सहयोग,
- आर्थिक कोष बढाउने कार्यक्रमहरू संचालन तथा प्रचार-प्रसार ।

विस्तृत जानकारीको लागि लुम्बिनी विकास कोषको कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं । लुम्बनी विकास कोषले दान, चन्दाको विवरण नियमित रुपमा प्रकाशन गर्दै आइरहेको छ । दाताहरूले नगद सहयोग सिधै तपशीलको बैंक खातामा जम्मा गर्न सक्नुहुनेछ ।

१. नेपाल क्रेडिट एण्ड कमर्श बैंक लि., लुम्बिनी
   चल्ती खाता नं.- २६१७

### अन्य जानकारीको लागि

**लुम्बिनी विकास कोष**
सूचना, जनसम्पर्क तथा अतिथि सत्कार शाखा
लुम्बिनी, नेपाल
**फोन:** +९७७-७१-४०४०४०, ४०४०५२, ६३१८०५, ४०४०४७
**फ्याक्स:** +९७७-७१-४०४०४२
**इमेल:** info@lumbinidevtrust.gov.np, **वेबसाईट:** www.lumbinidevtrust.gov.np

**सम्पर्क कार्यालय**
पो.व.नं. ४०७२, ववरमहल, काठमाडौं
**फोन:** +९७७-१-४२६८४९४, **फ्याक्स:** +९७७-१-४२६८२८६
**इमेल:** liaisonoffice@lumbinidevtrust.gov.np